# संघीय संसद
# प्रतिनिधि सभा
# कानून, न्याय तथा मानव अधिकार समिति

| | |
|---|---|
| बैठक सङ्ख्या: ५४ | मितिः २०८१ माघ २ गते बुधवार |
| स्थानः समिति सभाकक्ष (काठघर नम्बर २), सिंहदरबार | बैठक प्रारम्भ: १२:०० बजे अन्त्यः १३:४० बजे |

प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७३ बमोजिम गठित कानून, न्याय तथा मानव अधिकार समितिको बैठक समितिका माननीय सभापति श्री बिमला सुवेदीको सभापतित्वमा आज बस्यो। बैठकमा उपस्थिति, छलफलको विषय र निर्णय देहायबमोजिम रहेको छः-

<u>उपस्थितिः-</u>

| क्रम | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| १. | मा. श्री बिमला सुवेदी | [हस्ताक्षर] |
| २. | मा. श्री गोमा लाभ (सापकोटा) | [हस्ताक्षर] |
| ३. | मा. श्री चन्द्र बहादुर विश्वकर्मा | [हस्ताक्षर] |
| ४. | मा. श्री जीवन परियार | [हस्ताक्षर] |
| ५. | मा. श्री ध्रुव बहादुर प्रधान | |
| ६. | मा. श्री नागिना यादव | [हस्ताक्षर] |
| ७. | मा. श्री नैनकला थापा | |
| ८. | मा. श्री पुष्प बहादुर शाह | [हस्ताक्षर] |
| ९. | मा. श्री पूर्णबहादुर घर्ती | [हस्ताक्षर] |
| १०. | मा. श्री प्रतिक्षा तिवारी | [हस्ताक्षर] |

| | | |
|---|---|---|
| ११. | मा. श्री महेश कुमार बतौंला | |
| १२. | मा. श्री रन्जु कुमारी झा | [signature] |
| १३. | मा. श्री रामकुमार राई | |
| १४. | मा. डा. शुनिल कुमार शर्मा | अनुपस्थित रहने जानकारी (पत्र) प्राप्त नभएको। |
| १५. | मा. श्री शेर बहादुर कुँवर | [signature] |
| १६. | मा. श्री शेर बहादुर देउवा | |
| १७. | मा. श्री सन्तोष परियार | [signature] |
| १८. | मा. श्री सुशिला थिङ | [signature] |
| १९. | मा. श्री सुहाङ्ग नेम्वाङ्ग | [signature] |
| २०. | मा. श्री सोबिता गौतम | |

पदेन सदस्यः-

| क्रम | पद, नाम र थर | हस्ताक्षर |
|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओली | |
| २. | माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय कुमार चौरसिया | [signature] |

आमन्त्रितः-

| क्र.स. | पद, नाम र थर | हस्ताक्षर |
|---|---|---|
| १. | श्री उदयराज सापकोटा (सचिव; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय) | |
| २. | कोमल प्र. खत्री (सह सचिव) कानून ... मन्त्रालय | [signature] |
| ३. | प्रकाश न्यौपाने, उ.स. कानून मन्त्रालय | [signature] |
| ४. | | |
| ५. | | |
| ६. | | |
| ७. | | |
| ८. | | |
| ९. | | |
| १०. | | |
| ११. | | |

छलफलको विषयः-

१. सुदूरपश्चिम प्रदेश, मधेश प्रदेश र लुम्बिनी प्रदेशका विभिन्न जिल्लाहरूमा रहेका प्रहरी हिरासतको स्थलगत अनुगमन गर्न र संघीय संसदले बनाएका ऐन कानून कार्यान्वयनका चुनौतीका विषयमा अन्तरक्रिया कार्यक्रम गर्न गठित उपसमितिहरूको प्रतिवेदन पेस र छलफल ।

(क) संघीय संसदले बनाएको ऐन/कानून कार्यान्वयनका चुनौतीका विषयमा कैलाली जिल्लाको धनगढीमा गरिएको अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन, २०८१

(ख) संघीय संसदले बनाएको ऐन/कानून कार्यान्वयनका चुनौतीका विषयमा धनुषा जिल्लाको जनकपुरधाममा गरिएको अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन, २०८१

(ग) संघीय संसदले बनाएको ऐन/कानून कार्यान्वयनका चुनौतीका विषयमा दाङ जिल्लाको देउखुरीमा गरिएको अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन, २०८१

२. विविध ।

छलफल तथा निर्णयः-

१. समितिको आजको बैठकमा सुदूरपश्चिम प्रदेश, मधेश प्रदेश र लुम्बिनी प्रदेशका विभिन्न जिल्लाहरुमा रहेका प्रहरी हिरासतको स्थलगत अनुगमन गर्न र संघीय संसदले बनाएका ऐन कानून कार्यान्वयनका चुनौतीका विषयमा अन्तरक्रिया कार्यक्रम गर्न गठित उपसमितिहरूको प्रतिवेदन पेस भएपश्चात् छलफल भयो ।

सर्वप्रथम माननीय सदस्य श्री पुष्प बहादुर शाहले संघीय संसदले बनाएको ऐन/कानून कार्यान्वयनका चुनौतीका विषयमा कैलाली जिल्लाको धनगढीमा गरिएको अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन, २०८१ सङ्क्षिप्त मन्तव्यसहित पेस गर्नुभयो ।

तत्पश्चात् माननीय सदस्य श्री रन्जु कुमारी झाले संघीय संसदले बनाएको ऐन/कानून कार्यान्वयनका चुनौतीका विषयमा धनुषा जिल्लाको जनकपुरधाममा गरिएको अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन, २०८१ सङ्क्षिप्त मन्तव्यसहित पेस गर्नुभयो ।

त्यसपछि माननीय सदस्य श्री पूर्णबहादुर घर्तीले संघीय संसदले बनाएको ऐन/कानून कार्यान्वयनका चुनौतीका विषयमा दाङ जिल्लाको देउखुरीमा गरिएको अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन, २०८१ सङ्क्षिप्त मन्तव्यसहित पेस गर्नुभयो ।

समितिमा पेस भएका उल्लिखित ३ ओटै प्रतिवेदनमाथि माननीय सदस्य श्री सुशिला थिङ, माननीय सदस्य श्री प्रतिक्षा तिवारी र माननीय सदस्य श्री नागिना यादवले आआफ्ना धारणा राख्नुभयो । माननीय सदस्यहरूले राख्नुभएको धारणा र प्रतिवेदनमा रहेका विषयका सम्बन्धमा कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय कुमार चौरसियाज्यूले सरकारको तर्फबाट आफ्नो विचार राख्नुभयो ।

२. समितिअन्तर्गत गठित उपसमितिहरूले सुदूरपश्चिम प्रदेशको राजधानी रहेको कैलाली जिल्लाको धनगढी, मधेश प्रदेशको राजधानी रहेको धनुषा जिल्लाको जनकपुरधाम र लुम्बिनी प्रदेशका राजधानी रहेको दाङ जिल्लाको देउखुरीमा संघीय संसदले बनाएका ऐन कानून कार्यान्वयनका

चुनौतीका विषयमा गरिएको अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन, २०८१ र त्यसमा रहेका सुझावहरूलाई समितिले ग्रहण गर्ने । र,

समितिले बागमती प्रदेशको कुनै स्थानमा उतरविधायिकी परीक्षण (PLS) सँग सम्बन्धित रहेर संघीय संसदले बनाएका ऐन कानून कार्यान्वयनका चुनौतीका विषयमा अन्तरक्रिया कार्यक्रमहरू गर्ने । सभापतिले माननीय सदस्यहरूसँग समन्वय गरेर उक्त अन्तरक्रिया कार्यक्रमको मिति, समय र स्थान तथा अन्तरक्रियामा आमन्त्रितहरू तय गर्ने र सभापतिको निर्देशनअनुसार समिति सचिवालयले आवश्यक कार्य गर्ने जानकारी गराउँदै सभापतिले समितिको आजको बैठक अन्त्य गर्नुभयो ।

.................
(अधि राज राई)
समितिको सचिव

......................
(बिमला सुवेदी)
सभापति